22130141

International Baccalaureate®
Baccalauréat International
Bachillerato Internacional

**NEPALI A: LITERATURE – HIGHER LEVEL – PAPER 1**
**NÉPALAIS A : LITTÉRATURE – NIVEAU SUPÉRIEUR – ÉPREUVE 1**
**NEPALÉS A: LITERATURA – NIVEL SUPERIOR – PRUEBA 1**

Wednesday 8 May 2013 (morning)
Mercredi 8 mai 2013 (matin)
Miércoles 8 de mayo de 2013 (mañana)

2 hours / 2 heures / 2 horas

INSTRUCTIONS TO CANDIDATES

- Do not open this examination paper until instructed to do so.
- Write a literary commentary on one passage only.
- The maximum mark for this examination paper is *[20 marks]*.

INSTRUCTIONS DESTINÉES AUX CANDIDATS

- N’ouvrez pas cette épreuve avant d’y être autorisé(e).
- Rédigez un commentaire littéraire sur un seul des passages.
- Le nombre maximum de points pour cette épreuve d’examen est *[20 points]*.

INSTRUCCIONES PARA LOS ALUMNOS

- No abra esta prueba hasta que se lo autoricen.
- Escriba un comentario literario sobre un solo pasaje.
- La puntuación máxima para esta prueba de examen es *[20 puntos]*.





© International Baccalaureate Organization 2013

https://xtremepape.rs/

तल दिइएका कुनै **एक**को साहित्यिक टिप्पणी लेख्नुहोस् :

**1.**

यतिखेर मेरो समय अँध्यारो युगमा गुज्रिरहेछ । कतै अल्पजागरणको बाछिटा परे पनि सम्पूर्णतातिर उन्मुख नहुनुले नवजागरणको सुरिलो धुनमा यहाँ कुनै झर्ना बगरिहेको छैन, पहाड अग्लिएको छैन, हिउँ पग्लिएको छैन, वन-जङ्गल सुसाएको छैन, धानको बाला झुलेको छैन, गुराँस फुलेको छैन । तर तिनै अबोध पहाडको फेदीमा उभिएर पनि म मेरै भाषामा बढी सम्पूर्ण, बढी सङ्गीतमय र बढी संवेदनशील हुन्छु । चाहन्छु मेरो भाषाभरिको सम्पूर्ण क्षमता म प्राप्त गर्न सकूँ र मेरो उमेरभरिको चाह, कम्तीमा एक पटक मेरो भाषाको सम्पूर्ण सुन्दरता महसुस गर्न सकूँ । मलाई यो चेतनाको प्यास जागेको थियो - विशेषत: देवकोटा-लामिछानेको निबन्धसंसारमा, पारिजातीय शिरीषको फूल अनि धूपी, सल्ला र लालीगुराँसको फेदमा, लेखनाथ-घिमिरेका कविताशिल्पमा, अनि इन्द्र, वैरागी र ईश्वर दाइको तेस्रो आयामिक गहिराइमा । मेरो यिनै प्राग्चेतना वेदध्वनिसँग बारबार प्रश्न गरिरहन्छ - के मेरो भाषाको वैदिक स्वर सुरिलो छैन ? के मेरो भाषामा फूलको सुन्दरता अनि हुम्ला-जुम्ला, रोल्पा-डोल्पाको दर्द महसुस गर्न सकिन्न ? के मेरो भाषामा विद्रोह हुन सक्दैन ? के मेरो भाषामा खुसीको अनुभूत हुन्न ? के मेरो भाषामा सुन्दर कविता रच्न सकिन्न ? लाग्छ, संसारभरिको सबै भाषा मैले जाने पनि म, मेरै भाषामा सपना देख्छु ।

यथार्थमै मलाई सादा र सरल रेखामा बगेको नदीले भन्दा मेरै देशको माटोमा पहाडको घुम्ती हुँदै, ठोक्कर पिउँदै, भुमरी पर्दै, छचल्किएर सङ्गीतमय बगेको नदीले बढी आकर्षित गर्छ । मेरै भूमिमा उभिएर कल्पना गरेको तर बजाउन नसकेको धुन पनि प्रिय लाग्छ । सेतीको रहस्य बगेर लेखिएको असाध्य वीणा जस्तो कविताले मोहित पार्छ, कोशीकालीको गहिराइ भएर नीलो हुनुको मजा झुम्न सुखद लाग्छ । आफू सीमा भएरै आफूभन्दा परको पदचाप सुन्न सुरुचिपूर्ण लाग्छ । आफू आफ्नै बादशाह बनेर गरिएका सम्पादनहरू, विचारहरू बढी प्रासङ्गिक लाग्छ । यसरी ईश्वरको प्रकृति र आदेश बुझ्ने आँसुले पखालिएका आँखाले देखेका मेरो देशका सारा सत्यहरू आत्मीय लाग्छन् । म चाहन्छु, तिनै आँसुले पखालिएका आँखाहरू यस देशका अभिनेता होऊन् । माटोका नाममा म ईश्वरसँग प्रार्थना गर्छु ।

जब म भगवान्सँग वरदान माग्न भनी मन्दिर धाउँछु र हात जोडी आँखा चिम्लेर प्रार्थना गर्छु, हरेक पटक आफ्ना लागि वरदान माग्न नै बिर्सन्छु र सम्झन्छु, आफ्ना लागि केवल आफै नै बरदान रहेछु, किन कि त्यतिखेर आँखा चिम्लँदा म आफैलाई भेटिरहेको हुन्छु । ठीक त्यसरी नै यहाँ कोही कतै गएर कसैसँग कुनै बरदान माग्नु छैन । आफू उभिएको भूमिको माटो आफैमा यहाँ सबैभन्दा पवित्र तीर्थ हो, जहाँ जो कोहीले आफैलाई भेट्नेछन्, महसुस गर्नेछन्, जीवनको चेतना अनुभूत गर्नेछन् । यसर्थमा कि देश पानीमात्र होइन, प्यास पनि हो, प्यासमात्र होइन पानी पनि हो । यतिखेर सारा सपनाका रङ्गहरूसहित यही तीर्थस्थलमा आँसुले पखालिएका सारा आँखाहरू यो वर्तमान मौसमबाट आमन्त्रित छन् ।

मोमिला, *"अस्तित्वभन्दा पर"* २०६३ ।



https://xtremepape.rs/

**2.**

मान्छेहरू मलाई जहिल्यै पनि चिसो सम्झन्छन्
मलाई जहिल्यै पनि निस्तो सम्झन्छन्
मान्छेहरू मलाई जहिल्यै पनि तरल सम्झन्छन्
मलाई जहिल्यै पनि सरल सम्झन्छन्
आफू कहिले छिटा हुन्छु, कहिले बाछिटा हुन्छु
आफू कहिले हिउँ जम्छु, कहिले ग्ल्यासियर बग्छु
चञ्चल छु, सायद त्यसैले कोमल पनि छु
तरल छु, सायद त्यसैले सरल पनि छु
कहिले नदी बग्छु, कहिले तलाउ र कहिले समुद्र भोग्छु
जहाँ जस्तो परिस्थिति छ
त्यहाँ त्यसरी नै मिलिदिन्छु
भगीरथको तपस्याबाट पग्लेर
महादेवको जटाभरि गङ्गोत्री पग्लेर आएँ
मान्छेको सभ्यतासँग
मान्छेको सृष्टिदेखि सागर अग्लेर आएँ
सिन्धुमा हिन्दू र ब्रह्मपुत्रमा बोधिवृक्षको शीतल हल्लाउँदै
भोल्गा, ह्वाङ्हो र नाइलहरूमा विभाजित भएर आएँ
मान्छेको बर्बरतालाई बगाएर
सृष्टिको यो सुन्दरतासम्म
यो उच्चतासम्म
ल्याइपुऱ्याएँ
मभित्र शक्ति छ
मान्छेले गहिरिएर बुझिदिएनन्
मभित्र अस्तित्व छ
मान्छेले अझै गुनिदिएनन्
मभित्र पनि स्वाभिमान छ/जिजीविषा छ
मभित्र पनि आगो छ, आँसु छ
मान्छेले कहिल्यै सोचिदिएनन्
आफ्नै तरलतामा जमेर मर्न लागेको
मान्छेले मलाई देखेनन्
आफ्नै सरलतामा अल्झेर बित्न लागेको
मान्छेले मलाई हेरेनन्

दुवसु क्षेत्री, *"पानी"* २०६७ ।



https://xtremepape.rs/